आज मिति २०८२/०९/१९ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | लेखा अधिकृत | श्री प्रेम प्रसाद शर्मा |
| २ | | प्रशासन शाखा | श्री ओमकान्त पन्त |
| ३ | | सु.प्र.के. | श्री ईशान श्रेष्ठ |
| ४ | | | श्री मुना शर्मा |
| | | | श्री लक्ष्मी श्रेष्ठ |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. अठारौ नगरसभाको कार्यसूची सम्बन्धमा ।

३. विदा स्वीकृत गर्ने सम्वन्धमा ।

४. विदा तथा औषधी उपचारको रकम भुक्तानी सम्बन्धमा

५. निर्देशिका स्वीकृत गर्ने सम्वन्धमा ।

६. टोल विकास संस्था दर्ता तथा नविकरण सम्बन्धमा ।

७. करार कर्मचारीहरुको सेवा सुविधा सम्वन्धमा ।

८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बन्नेको विधेयक सम्वन्धमा

९. योजनामा रकम विनियोजन सम्वन्धमा ।

१०. नगर विकास कोषको साँवा व्याज भुक्तानी सम्बन्धमा ।

११. नयाँ ट्र्याक खोल्नको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

१२. हीरक जयन्ती कार्यक्रमको लागि आर्थिक सहायता सम्वन्धमा ।

१३. विविध ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/०९/२५ गते शुक्रबार दिनको ११.०० बजे बागलुङ नगरपालिकाको सभाहलमा हुन गईरहेको १८ औं नगरसभाको कार्यसूची देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | मिति | क्रियाकलाप | समय | कैफियत |
|---|---|---|---|---|
| **पहिलो बैठक** | | | | |
| १ | २०८२/०९/२५ | राष्ट्रिय गान । | ११.०० बजे देखी १.०० बजे सम्म | नगरसभा अध्यक्ष प्रवेश संगै |
| २ | | पहिलो बैठक प्रारम्भ । | | नगरसभा अध्यक्षबाट |
| ३ | | नीति तथा कार्यक्रम को समिक्षात्मक प्रस्तुती । | | नगरसभा अध्यक्षबाट |
| ४ | | आर्थिक ऐन २०८२ को संशोधन प्रस्ताव पेश । | | नगर उप प्रमुखबाट |
| ५ | | आ.व. २०८२।०८३ को स्वीकृत आय व्यय (बजेट) को संशोधित बजेट टेबल सहित प्रस्तुती । | | नगर उप प्रमुखबाट |
| ६ | | ऐनको मस्यौदा प्रस्ताव टेवल । | | विधायन समितिको संयोजकबाट |
| **दोश्रो बैठक** | | | | |
| १ | २०८२/०९/२५ | दोश्रो बैठक प्रारम्भ | १.३० बजे देखी ३.०० बजे सम्म | |
| २ | | आर्थिक ऐनको संशोधन प्रस्ताव माथि छलफल | | सभामा छलफल |
| ३ | | आ.व. २०८२।०८३ को स्वीकृत आय व्यय (बजेट) को संशोधन प्रस्ताव माथि छलफल | | सभामा छलफल |
| ४ | | ऐनको मस्यौदा प्रस्ताव माथि छलफल | | सभामा छलफल |
| ५ | | विविध प्रस्ताव पेश तथा छलफल | | अध्यक्षबाट पेश सभामा छलफल |
| | | (खाजा) | | |

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा ईन्जिनियर (सातौं) पदमा कार्यरत दिपेन्द्र बहादुर भण्डारीले New Zealand मा जाने प्रयोजनको लागि संचित घर विदाबाट कट्टी हुने गरी पौष १३ गते देखी फागुन २२ गते सम्म जम्मा ६९ दिन (सार्वजनिक विदा कटाएर) विदा स्वीकृतको लागि निवेदन पेश गर्नु भएको हुँदा निजको विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको कार्यालयबाट यस कार्यालयमा कामकाजको लागि सरुवा भै आउनु भएका सव-ईन्जिनियर श्री प्रकृति सापकोटाको राजीनामा यस कार्यालयबाट स्वीकृत भएको र निजले पाउनु पर्ने संचित घर विदा, संचित विरामी विदा र नियमानुसारको औषधी उपचार खर्चको रकम भिमाद नगरपालिकाको कार्यालयबाट भुक्तानी नभएको भन्ने व्यहोराको प.सं.

०८२/८३, च.नं. ८४१, मिति २०८२/०९/०१ को पत्रबाट जानकारी प्राप्त हुन आएको हुँदा निजले प्राप्त गर्नु पर्ने एकमुष्ठ रकम रु ३,४३९४३१ नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय सरकारको विषेश कार्यक्रम अन्तर्गत यस कार्यालयबाट संचालन गर्न लागेको पोषण कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि तयार गरिएको **पोषण प्रवर्धन तथा विपन्न परिवार स्वास्थ्य सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८२** लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा **टोल विकास संस्था गठन, सञ्चालन तथा परिचालन सम्वन्धी निर्देशिका, २०७९** बमोजिम टोल विकास संस्था दर्ता तथा नविकरण गर्ने कार्यलाई छिटो छरितो र सहज तुल्याउनको लागि सम्बन्धित वडा कार्यालयबाट उक्त कार्य गर्ने गरी अधिकार प्रत्यायोजन लगायतका कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर/सहायक कम्प्युटर अपरेटर लगायत कार्यालय अन्तर्गतका सवै करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्ने गरी आवश्यक मापदण्ड तयार गरी पेश गर्न सुशासन समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०९/१७ को पत्र सहित स्थानीय तहको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नमुना कानुनको रुपमा प्राप्त हुन आएकोले उक्त नमुना कानुनलाई आवश्यक अध्ययन गरी पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

निणर्य नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व.को लागी आकस्मिक योजना शिर्षकमा विनियोजन रकम मध्येबाट देहाय बमोजिमका योजनामा रकम विनियोजन/थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | विनियोजन रकम | कार्यक्रम शिर्षक |
|---|---|---|---|
| १ | लामिचौर खानेपानी धारा तथा भवन निर्माण । | २,७७१,०००।०० | आकस्मिक योजना तथा कार्यक्रम |
| २ | डिसिआरडिसी पछाडिको भाग देखि गौरिधाम मन्दिर जाने बाटो ढलान तथा तारवार (रकम थप) । | १४,७५,०००।०० | आकस्मिक योजना तथा कार्यक्रम |
| ३ | विद्यामन्दिर माध्यमिक विद्यालय तारवार निर्माण । | १०,५०,०००।०० | आकस्मिक योजना तथा कार्यक्रम |
| ४ | प्रबुद्ध युवा समूह, बागलुङ । | १००,०००।०० | विभिन्न संघसस्था अनुदान |
| ५ | बेसी देखी बा.न.पा. ९ सिगाना मावि पाल्ले सम्म सडक विस्तार एवं स्तरोन्नती | ५०००००।०० | आकस्मिक योजना तथा कार्यक्रम |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा नगर विकास कोष काठमान्डौको प.सं. ०८२/८३, च.नं. ५१५, मिति २०८२/०७/१७ को पत्रबाट Baglung Bus Park र Improvement of Existing Road आयोजनाको लागि लिएको सरल ऋणको २०८२ असार मसान्त सम्मको कुल साँवा (किस्ता) र ब्याज वापतको रकम रु १,१७,५६,०१६।८ भुक्तानीको लागि लेखि आएको हुँदा उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाले चालु आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत देहायका योजना तथा कार्यक्रबाट देहायको स्थानमा नयाँ ट्र्याक खोल्नको लागि प्राविधिक प्रतिवेदन सहित कार्यपालिकामा पेश हुन आएको हुँदा देहाय बमोजिमका योजनाहरुमा नयाँ ट्र्याक खोल्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | योजनाको नाम | योजना शिर्षक | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | करिडोर चुत्रेनी लामोप पुल सडक ट्रेक खोल्ने | सि.नं. ७७८, ३११५१ | १४ | कुश्मा जोड्ने नयाँ लामो पुल निर्माण हुन लागेकोले पुल सम्मको लागि पहुँच मार्ग निर्माण गर्न आवश्यक भएको |
| २ | धौलेचौर ओखरबोट कसलथान डल्लेपाटा हुँदै भ्यू टावर सम्मको सडक | नगर सि.नं. १४९ ३११५१ र वडा सि.नं. ६३४, ३११५१ | १० | भ्यू टावर सम्म सडक निर्माण गर्न आवश्यक भएको र उक्त सडक निर्माण गर्दा भू क्षय र वातावरणलाई असर नगर्ने देखिएको । |
| ३ | धौलेचौर देखी चउर टोल सडक निर्माण | वडा सि.नं. ६३५, ३११५१ | | चउर टोल बस्ती र कृषि ढुवानीको लागि आवश्यक देखिएको र भू क्षय र वातावरणलाई कुनै असर नगर्ने देखिएको । |

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १३ पैंयुपाटा स्थित श्री त्रिभुवन माध्यमिक विद्यालयले मिति २०८२ पौष २६ गते देखी हीरक जयन्ती तथा विद्यार्थी पुनर्मिलन कार्यक्रम सम्पन्न गर्नको लागि आर्थिक सहयोग माग गरेको हुँदा उक्त विद्यालयलाई हीरक जयन्ती कार्यक्रम सम्पन्न गर्नको लागि रु १,००,०००। अक्षेरुपी एकलाख रुपैया मात्र विनियोजन गर्ने निर्णय गरियो ।